
अगाडिको आवरण पृष्ठ

# मेरो खुत्रुके



लेखक: कटक सजिापती

तह ५, कक्षा २


नेपाली




मैले खुत्रुकेमा पैसा हाल्न खोजेँ। पैसा खुत्रुकेमा अटेन।
खुत्रुके उचालेँ गह्रुँगो थियो।



आमालाई भनें, "आमा खुत्रुके भरिएछ। मेरो पैसा खुत्रुकेमा अटेन नि!" "त्यसो भए भोलि खोल्ने," आमाले भन्नुभयो।






आमाले खुत्रुके खोल्ने भन्नुभयो। म मनमनै खुसी भएँ।
आहा! भोलि त खुत्रुके खोल्ने दिन। जम्मा गरेको पैसा हेर्ने दिन।





पाँच महिना भयो जम्मा गर्न थालेको। कति पैसा जम्मा भयो होला? नोट बढि होलाकि? सिक्का बढि होलाकि?



मामाले दिएको पैसा हालेको थिएँ। टिका लगाउँदा दिएको पैसा पनि थियो। काकाले पनि दिनुभएको थियो। फुपू आउँदा दिनुभएको थियो।




कहिले काहीँ बाबाले हालदिनुहुन्थ्यो। हिजो मात्रै आमाले पैसा हाल्नुभएको थियो।
सबै पैसा जम्मा गर्दा कति होला?





खुत्रुकेको बारेमा सोच्दा सोच्दै दनि बति्यो। बद्यिालयबाट घर आएँ। हात धोएँ, खाजा खाएँ। सुत्ने कोठामा खुत्रुके राखेको थयिो। कसैलाई नभनी म खुत्रुके हेर्न गएँ।



अघिल्लो पटक खुत्रुकेमा १०० रूपैयाँ थियो। त्यो पैसाले आमाले सामान कनिदिनुभयो। ज्यामिति बाकस, खेलौना कनिदिनु भएको थियो ।





यो पटक कति जम्मा भयो होला? यो पैसाले के के किन्ने होला? कथाको किताब किन्न पुग्ला कि नपुग्ला?



आमाले सुत्नेबेला भयो भन्नुभयो । सोच्दा सोच्दै सुत्ने समय भएछ। खुत्रुके खोल्ने कुरा सोच्दै सुत्न गएँ।

शीर्षक पृष्ठ

मेरो खुत्रुके

Images on pages Front Cover, १, ४, ४, ६, ८, ८ by © 2019 Curriculum Development Center of Nepal.

Images on pages २, ३, ५, ७, ९, १० by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

तहगत, तह ५

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोज गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चित्रकार, इत्यादिको प्रतिलिपि अधिकार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End